# माध्यमिक शिक्षा पाठ्यक्रम, २०७७

## कक्षा ९-१०

**अरेबिक भाषा**

(मद्रसातर्फ)


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# अरेबिक भाषा, साहित्य र व्याकरण पाठ्यक्रम

**कक्षा : ९-१०** **विषय सङ्केत : कक्षा ९ [all. 601]कक्षा १० [all. 602]**

**पाठ्यघण्टा : ४** **कार्यघण्टा : १२८**

## १. परिचय

अरेबिक इस्लाम धर्म प्रमुख भाषा हो । इस्लाम धर्मदर्शनको प्रमुख धर्म ग्रन्थ कुरआन अरेबिक भाषामा अवतरित भएको हो । कुरआनमा समावेश भएका सूक्तहरू अरेबिक भाषामा लेखिएका छन् । यी र इस्लाम धर्मदर्शनले समावेश गरेका धेरै सूक्तहरू इस्लाम धर्मावलम्बीहरूले नियमित पाठ गर्ने गर्दछन् । यसर्थ इस्लाम समुदायमा भाषिक, सांस्कृतिक र सामाजिक महìव बोकेको अरेबिक भाषामा सञ्चार, अभिव्यक्ति तथा उपयोगलगायतकापक्षसँग परिचित गराउने उद्देश्यका साथ कक्षा ९ र १० को अरेबिक भाषा विषयको पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यमिक तह (कक्षा ९ र १०) मा अरेबिक भाषा विषयको यस पाठ्यक्रममा भाषिक सिप तथा साहित्यिक पक्षसँग सम्बन्धित विषयवस्तुहरूलाई समावेश गरिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ ।

अरेबिक भाषा विषयमा मानव कल्याण र मूल्यमान्यता, अभिव्यक्ति र अहलिवार (कुराकानी वा संवाद), इदारह (प्रबन्ध वा निबन्ध), अस्सीर अस्शखशीया (जीवनी), सामाजिक तथा सांस्कृतिक पक्ष, अरेबिक साहित्य, (ककिदा (कविता) तथा भाषातìवसम्बद्ध विषयवस्तु समावेश गरिएका छन् । यो मद्रसा शिक्षा प्रणालीको प्रमुख सिकाइ क्षेत्र पनि हो । त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापमा अरेबिक भाषाको विशेषस्थान छ । यस विषयको अध्ययन अध्यापन गर्नुको लक्ष्य भनेकैयस भाषामा लिखित तथा सम्पादित विभिन्नविधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै हो। यसर्थ अरेबिक भाषा तथा सम्बद्ध साहित्यका विविध विषयक्षेत्रमा आधारित भई तह र स्तर सुहाउँदा विषयवस्तु समेटी तयार पारिएको यस विषयको पाठ्यक्रम विकास गर्दा विभिन्न समयमा सरोकारवाला, विषयविज्ञ र अभिभावकहरूले पाठ्यक्रम विकास केन्द्रमा दिएका राय सुझाव तथा सरसल्लाहलाई आत्मसात् गर्दै शिक्षा सिद्धान्तअनुरूप व्यवस्थितगरिएको छ । उक्त विषयवस्तु समायोजन गर्दा अरेबिक भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई विशेष रूपमा ध्यान दिँदै पाठ्यक्रमलाईसरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाउनुपर्ने पक्षलाई पनि विशेष ध्यान दिइएको छ । साथै यस विषय पाठ्यक्रम विकास गर्दा विषयवस्तुको अन्तुलन र क्रमागत स्तरीकरणका अतिरिक्त ७५ प्रतिशत बाह्य र २५ प्रतिशत अंश आन्तरिक मूल्याङ्कनमा आधारित हुने गरी सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिएकोछ ।

परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

**यस तहको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :**

१. इस्लाम धर्मदर्शनमा आधारित मानव कल्याण र मूल्यमान्यता सम्बद्धविषयवस्तुमा आधारित सञ्चार तथा अभिव्यक्ति

२. अरेबिक भाषासाहित्य सम्बद्ध प्रचलित विधागत र सूचनामूलक सामग्रीहरूका आधारमा पठन तथा रचना कौशलको विकास

३. दैनिक कार्यव्यवहारमाअरेबिकभाषाको प्रयोग र आवश्यकतानुसार भाषिक कार्य सम्पादन

४. सामाजिक तथा सांस्कृतिक परिवेशको अरेबिक भाषामा वर्णन

५. अरेबिक साहित्यमा रहेका पद्यात्मक विधाकोपहिचान गरी सिकाइ तथा अभिव्यक्तिका लागि उपयोग

६. कार्यमूलक अवधारणामा भाषिक सिकाइ तथा सञ्चार र अभिव्यक्ति

७. अरेबिकसाहित्यका विशेषताप्रति सचेततासहित सिर्जनात्मक लेखनअभ्यास

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा ९**

**सुनाइ र बोलाइ**

१. अरेबिक शब्द र वाक्यहरूमा प्रयुक्त वर्णगत ध्वनिहरू पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. भाषिक तथा परिवेशगत सन्दर्भलाई समेत ख्याल गरी अरेबिक भाषामा फरर बोल्न

३. अरेबिक शब्दहरूको शुद्ध तथा स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. अरेबिक साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

५. अरेबिक साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

६. साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

७. अरेबिक भाषामा भएका वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरूपहिचान गर्न

८. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिकवर्णन गर्न

९. समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१०. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

११. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

**पढाइ**

१. हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा गति, यति र लय मिलाई लिखित सामग्रीशुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

३. लिखित सामग्रीको पठनमा संवेग तथा परिवेश मिलाई पढ्न

४. साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्नेगरी पढ्न

५. पाठको संरचना, उद्देश्य, सूचना तथा विषयको अनुमानित अभिप्रायः पहिल्याउन सक्ने गरी पढ्न

६. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण र प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

७. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक तथा सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन

८. अरेबिक साहित्यमा प्रचलित हेतु, प्रयोजन, शब्दशक्ति, रस, अलङ्कार र छन्दको बोध गरी पाठ पढ्न

९. निर्धारित रचनाका रचनाकारहरूका परिचय पढी विश्लेषण गर्न

**लेखाइ**

१. हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न

२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी लेख्न

३. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न

४. आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न

५. उद्देश्यमूलक सूचना र विषय वस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न

६. निर्धारित काव्यको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिको व्याख्या गर्न

७. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न

८. दैनिकी, संवाद, वाद विवाद रचना गर्न/लेख्न

९. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न

१०. अरेबिक भाषाको ऐतिहसिक विकासक्रम, वर्तमान स्वरूप, संरचना र यसका प्रयोजनपरक भेदको सामान्य परिचयात्मक वर्णन र विवेचना गर्न

११. अरेबिक काव्य र साहित्यको विकासक्रमको प्रस्तुत गर्न

**कक्षा १०**

**सुनाइ र बोलाइ**

१. अरेबिक शब्द र वाक्यहरूमा प्रयुक्त वर्ण तथा अक्षर संरचनागत ध्वनिहरू पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. भाषिकतथा परिवेशगत सन्दर्भलाई समेत ख्याल गरी अरेबिक भाषामा शुद्ध र स्पष्टसँग बोल्न

३. शब्दहरूको शुद्ध तथा स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. अरेबिक साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

५. अरेबिक साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

६. साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

७. अरेबिक भाषामा भएका वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरूपहिचान गर्न

८. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिकवर्णन गर्न

९. स्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न

१०. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्तिगर्न

११. समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१२. मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न

१३. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१४. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

**पढाइ**

१. हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा गति, यति र लय मिलाई लिखित सामग्रीशुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

३. लिखित सामग्रीको पठनमा संवेग तथा परिवेश मिलाई पढ्न

४. साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्नेगरी पढ्न

५. पाठको संरचना, उद्देश्य, सूचना तथा विषयको अनुमानित अभिप्रायः पहिल्याउन सक्ने गरी पढ्न

६. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण र प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

७. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्दभण्डार वृद्धि गर्न
८. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक तथा सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन
९. अरेबिक साहित्यमा प्रचलित हेतु, प्रयोजन, शब्दशक्ति, रस, अलङ्कार र छन्दको बोध गरी पाठ पढ्न
१०. निर्धारित रचनाका रचनाकारहरूका परिचय पढी विश्लेषण गर्न

**लेखाइ**

१. हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न
२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी लेख्न
३. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न
४. आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषय वस्तुका बारेमा सिलसिला मिलाएर लिखितवर्णन गर्न
५. उद्देश्यमूलक सूचना र विषय वस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न
६. निर्धारित काव्यको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिको व्याख्या गर्न
७. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न
८. दैनिकी, संवाद, वादविवाद रचना गर्न/लेख्न
९. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न
१०. अरेबिक भाषाको ऐतिहसिक विकासक्रम, वर्तमान स्वरूप, संरचना र यसका प्रयोजनपरक भेदको सामान्य परिचयात्मक वर्णन र विवेचना गर्न
११. अरेबिक काव्य र साहित्यको विकासक्रमको प्रस्तुत गर्न

## ४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

| क्र.स. | विषयक्षेत्र | विषयवस्तु | | कार्यघण्टा | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० | | |
| १. | मानव कल्याण र मूल्यमान्यता | (क) इस्लामको सन्देश<br>(ख) इस्लामी सभ्यता | (क) स्वतन्त्रता<br>(ख) इस्लाममा स्वतन्त्रता<br>(ग) व्यक्ति विशेष स्वतन्त्रता र दायित्व<br>(घ) समानता र निसाफ | १३ | १० |
| २. | अभिव्यक्ति र संवाद | (क) व्यावहारिक लेखन<br>(ख) संवाद (शिक्षक र विद्यार्थी) | (क) व्यावहारिक लेखन<br>(ख) संवाद (आस्तिक र नास्तिक) | ११ | ८ |
| ३. | इदारह (प्रबन्ध वा निबन्ध) | (क) मुस्लिम व्यक्तित्वको निर्माणमा इस्लामी मदरसाहरूको योगदान<br>(ख) व्यावसायिक शिक्षाको महोव | (क) मद्रसा शिक्षा<br>(ख) अनुशासन<br>(ग) विज्ञान र विकास | १२ | ९ |
| ४. | अस्सीर अस्शखशीया ( जीवनी) | (क) उमर फारुक (रजि.)<br>(ख) उमर विन अब्दुल अजीज | (क) युसुफ अलैहिस्सलाम<br>(ख) सलाउद्दीन अय्युबी<br>(ग) आइशा रजियल्लाहु अन्हा | ७ | ५ |
| ५. | सामाजिक तथा सांस्कृतिक पक्ष | (क) नेपालको वातावरण र भुगोल<br>(ख) नेपालमा इस्लामको इतिहास | (क) नेपालको उत्पत्ति<br>(ख) नेपालको वर्तमान संविधानमा मानव अधिकार | ७ | ५ |
| ६. | अरेबिक साहित्य | (क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेख<br>(ख) अरबी साहित्यकारको रचना<br>(ग) कुरआन- साहित्य | (क) अन्तर्राष्ट्रिय लेख<br>(ख)अरबी साहित्यकारहरूको रचना<br>(ग) कुरआनिक साहित्य | १७ | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) हदीस- साहित्य | (घ) हदीसको साहित्य | | |
| ७. | पद्य | कविता (कुनै तीनओटा) | अरबी कविता (कुनै तीनओटा) | १२ | १० |
| ८. | भाषातत्व | कार्यमूलक व्याकरण | कार्यमूलक व्याकरण | १७ | १३ |
| जम्मा | | | | ९६ | ७५ |
| प्रयोगात्मक अभ्यास | | | | ३२ | २५ |
| कुल जम्मा | | | | १२८ | १०० |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| विषयक्षेत्र | कार्यघण्टा | विषयक्षेत्र | कार्यघण्टा |
| निर्धारित विषयवस्तुको लिखित एवम् मौखिक प्रस्तुति, कक्षाकार्य वा दैनिक जीवन तथा कार्यव्यवहारमा आधारित सम्बन्धी परियोजना कार्य | १३ | निर्धारित विषयवस्तुको लिखित एवम् मौखिक प्रस्तुति, कक्षाकार्य वा दैनिक जीवन तथा कार्यव्यवहारमा आधारित सम्बन्धी परियोजना कार्य | १३ |
| रेडियो, क्यासेट, मोबाइल वा अन्य विद्युतीय सामग्रीबाट प्रसारित सामग्री, वा अन्य विषयवस्तुपरक प्रसङ्ग सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, सन्दर्भबोध, भावबोध, मुख्य बुँदा टिपोट तथा प्रस्तुति | १३ | अरेबिक भाषासाहित्यका सान्दर्भिक विषयवस्तु सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट तथा प्रस्तुति | १३ |
| अरेबिक भाषासाहित्यका सान्दर्भिक विषयवस्तु, परिवेश आदि दिएर मौखिक वर्णन | ६ | सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनमा व्यक्तिगत, युगल र समूहगतलगायतका कार्यबाट कक्षागत सिकाइ सहभागिता | ६ |
| जम्मा | ३२ | जम्मा | ३२ |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

अरेबिक भाषा विषयले यस भाषाका गद्य, पक्ष र व्याकरणलाई मुखरित गर्छ । यसबाट विद्यार्थीले मानक भाषा सिकाइ गर्दै प्रभावी र आत्मविश्वासी व्यक्तित्व विकास गर्न सहयोग गर्छ । यसर्थयस विषयको सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः “गरेर सिक” (learing by doing) को सिद्धान्तअनुसार अरेबिक विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई परियोजनाकार्य (project work)का रूपमा भाषिक सामर्थ्य, पठन तथा रचना कौशल, अभिव्यक्ति जस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रश्नोत्तर विधि (ख) प्रदर्शन विधि (ग) समस्या समाधान विधि

(घ) अवलोकन विधि (ङ) छलफल विधि (च)प्रयोग विधि

(छ) अभिनय विधि (ज) परियोजना विधि (झ) कथाकथन

उल्लिखित कार्यका लागि कुराहरूलाई देहायबमोजिमको कार्य गर्नु सान्दर्भिक मानिन्छ :

**(क) सुनाइ सिप सम्बद्ध क्रियाकलाप**

- विद्यार्थीहरूले एकअर्कालाई निर्धारित पाठ्यसामग्री वा पङ्क्तिहरू पढेर सुनाउने र कहिलेकाहीँ शिक्षकले आफैँले कुनै पङ्क्ति पढेर सुनाउने र विद्यार्थीहरूलाई त्यसको सारांश सुनाउन लगाउने ।
- नयाँ शब्द तथा वाक्यहरूलाई पहिले शिक्षकले आफैँले उच्चारण गर्ने र त्यसपछि विद्यार्थीलाई दोहोऱ्याउन लगाउने ।
- विद्यार्थीहरूले एकअर्कालाई कविता तथा गीत सुनाउने ।
- विद्यार्थीलाई प्रश्न सोध्ने र तिनको उत्तर सुन्ने ।
- शिक्षकद्वारा कुनै घटना कक्षामा सुनाउने र विद्यार्थीहरूलाई आफ्ना शब्दहरूमा त्यस घटनाको वर्णन गर्न लगाउने ।

**(ख) बोलाइ सिप सम्बद्ध क्रियाकलाप**

- किताबका छानिएका पङ्क्तिहरूको विद्यार्थीहरूलाईपठन अभ्यास गर्न लगाउने ।
- गीत वा कविताहरूगति, यति र लयसहित सस्वरवाचन गर्नलगाउने ।
- विद्यार्थीहरूलाई २ वा २ भन्दा बढी समूहमा विभाजन गरी वादविवाद तथा संवाद गर्न लगाउने ।
- साप्ताहिक सांस्कृतिक कार्यक्रममा विद्यार्थीहरूलाई अनिवार्य रूपमा सहभागिता जनाउनलगाउने ।
- विद्यार्थीहरूलाई कुनै खास विषयमाथि परस्पर विचारको आदानप्रदान गर्न लगाउने ।
- विद्यार्थीहरूलाई कुनै विशेष घटना वर्णन गर्न लगाउने ।
- कक्षामा उभ्याएर कुनै कार्यक्रमको उद्घोषण, आफ्नो परिचय वा आफ्नो विद्यालयको परिचय आदि प्रस्तुत गर्न लगाउने ।
- बोलीमा समस्या भएका विद्यार्थीहरूमाथि विशेष ध्यान पुऱ्याउने र उनीहरूलाई बिस्तारै बोल्ने अभ्यास गराउने ।
- कुराकानीकाबिचमा विद्यार्थीबाट कुनै भाषिक गल्ती भएमा विद्यार्थीको व्यक्तित्वको ख्याल गरेर मिठो शैलीमा सच्याइदिने र कक्षामा ठट्टाको वातावरणको सिर्जना हुन नदिने ।

**(ग) पढाइ सिप सम्बद्ध क्रियाकलाप**

- कक्षामा विद्यार्थीहरूलाई विविध पाठ्यसामग्री वाचन गर्न लगाउने तथा कुनै गल्ती भएमा त्यसै बेला सच्याउने ।
- पाठको कुनै पङ्क्ति पढेर त्यसबाट बुझेका कुराहरूको सुची बनाउन लगाउने ।
- निर्धारित पाठ पढ्न लगाउने तथा त्यसको अर्थ भन्न लगाउने ।
- शब्दको शुद्ध उच्चारण र उस्ता-उस्तै अक्षरको उच्चारणको सिप सिकाउने ।
- पङ्क्ति वाचनमा प्रवाह ल्याउनका लागि शिक्षकले आफैँले राम्रो प्रवाहका साथ पङ्क्ति वाचन गरी विद्यार्थीहरूलाई त्यसअनुसार पढ्न लगाउने ।
- हस्तलिखित लेख तथा रचना वा चिठी पुर्जी पढ्न लगाउने ।
- पत्रपत्रिकाको अध्ययन गर्न लगाउने ।

**(घ) लेखाइ सिप सम्बद्ध क्रियाकलाप**

- विद्यार्थीलाइ ईमलाउन (श्रुतिलेखन), निवेदन लेखन र चिठी पुर्जी लेखनको अभ्यास गराउने ।
- विद्यार्थीहरूलाई आफूले पढ्न सक्ने पङ्क्तिहरूको ईमलाउन (श्रुतिलेखन) गर्न सक्ने क्षमताको विकास गराउने ।

- अरेबिक लिपिमा आधारित भई सोको लेखनमा उपयुक्तस्थान छोडीचिह्न तथा धर्का प्रयोग लगाउने ।
- चिठी पुर्जी र निवेदनहरू लेख्न सिकाउने ।
- विभिन्न विषयहरूमाथि पर्याप्त छलफल गराई ती विषयमाथि इदारह (प्रबन्ध वा निबन्ध) लेख्न लगाउने ।
- पङ्क्ति लेखनमा विषयसँगको सम्बन्ध र निरन्तरता कायम राख्ने क्षमताको विकास गराउने ।
- लेखन गतिविधिमा भएका त्रुटिहरूलाई तुरुन्त सच्याउने ।
- लामो लेख वा कुराकानीलाई छोटकरीमा लेख्ने क्षमताको विकास गराउने ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइसक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ९ र १० को अरेबिक भाषा विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस क्रममा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनका आधारमा विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन, स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्नु सान्दर्भिक हुन्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप

सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

अरेबिक भाषा विषयमा कक्षा ९ र १० मा कूल भाषामध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क्र.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षाको मूल्याङ्कन | ६ |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुति | १६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ९ र १० प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ९ र १० प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।

# अरेबिक भाषा

## लिखित परीक्षा

कक्षा : १०  पूर्णाङ्क : ७५

| क्र.सं | क्षेत्र | प्रश्नका प्रकार (अति छोटा, छोटा लामा) | ज्ञान % | | बोध % | | प्रयोग% | | उच्चदक्षता% | | जम्मा प्रश्न | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | | |
| 1 | मानव कल्याण र मूल्यमान्यता | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| 2 | अभिव्यक्ति र संवाद | अति छोटा | १ | १ | २ | १ | - | - | - | - | ३ | ३ |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ३ | इदारह (प्रबन्ध वा निबन्ध) | अति छोटा | १ | १ | - | - | - | - | - | - | १ | १ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ४ | अस्सीर अस्शखशीया ( जीवनी) | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सामाजिक तथा सांस्कृतिक पक्ष | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ६ | अरेबिक साहित्य | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ७ | पद्य | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| | | अति छोटा | २ | १ | १ | १ | - | - | - | - | ३ | ३ |
| ८ | भाषातत्व | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा** | | | ५ | | ६ | | ८ | | ३ | | २२ | ७५ |

**द्रष्टव्य :**

१. प्रश्नपत्र निर्माण गर्दा ज्ञान र बोध तहका प्रश्न एउटा समूहमा समायोजन गरी उल्लिखित क्षेत्र र सङ्ख्यामा, प्रयोग तहका तोकिएका क्षेत्रबाट एक एक ओटा र कुनै दुईबाट एक एक ओटा गरी थप दुई प्रश्न र उच्च दक्षतामा तोकिएका क्षेत्रबाट थप एक प्रश्न सोध्नुपर्नेछ ।